नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय कक्षा १०

सनोठिमी, भक्तपुर

## शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश शिक्षा विकास निर्देशनालय, विद्यालयहरू तथा सरोकारवाला सबैका लागि माध्यमिक शिक्षा परीक्षा कक्षा-१० (एसइइ) को ग्रेडसिट एकीकृत गर्ने गराउने सम्बन्धी सूचना

२०८२ को ग्रडवृद्धि परीक्षामा सामेल भई न्यूनतम ग्रेड प्राप्त गरेका वा Graded भएका परीक्षार्थीले २ वा २ भन्दा बढी ग्रेडसिट प्राप्त गरेका र ती ग्रेडसिटहरू जी पी ए सहितको एकीकृत गरी एउटै ग्रेडसिट तथा प्रमाणपत्र विद्यार्थीले प्राप्त गर्नुपर्ने हुँदा विद्यार्थीबाट उनीहरूले प्राप्त गरेका २ वा २ भन्दा बढी ग्रेडसिट जम्मा गरी उक्त कार्यसम्पादन गर्न देशभरबाट सबै विद्यार्थी केन्द्रमा नै आउनुपर्दा समय र खर्चका हिसाबले कठिन हुनेलगायतका कारण ग्रेडसिट एकीकरण गरी प्रमाणपत्रसहित जारी गर्ने प्रयोजनका लागि निम्नानुसारको प्रक्रियाबाट कार्यसम्पादन गर्न गराउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. जिल्लाअन्तर्गतका माध्यमिक विद्यालयलबाट २०८२ को (ग्रेडवृद्धि) परीक्षामा सहभागी भई न्यूनतम ग्रेड प्राप्त गरेका र Graded भएका विद्यार्थीहरूले प्राप्त गरेका २ वा सोभन्दा बढी ग्रेडसिटसहित एकीकृत गर्ने प्रयोजनका लागि २०८३।०३/२९ गते देखि २०८३ श्रवण मसान्तसम्म आआफ्ना विद्यालयमा निवेदन दिन र सम्बन्धित विद्यालयले आवश्यक कागजातसहित निवेदन सङ्कलन गर्न गराउन शिक्षा विकास समन्वय इकाइहरूले सूचना प्रकाशन गर्ने

२. विद्यालयहरूले आफ्ना विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेका २ वा २ भन्दा बढी न्यूनतम ग्रेड प्राप्त गरेका र Graded भएका ग्रेडसिट,नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपीसहित प्रमाण पत्र एकीकृत प्रयजनका लागि यस कार्यालयको Website www.see.gov.np बाट Download गरी/गराइ विद्यार्थीले भरेको फाराम र प्रति विद्यार्थी रु ५०० (पाँच सय) राजश्व वापतको रकम जम्मा गरेको सक्कलै बैंक भौचरसहित ( विद्यार्थीबाट नगद रकम लिई विद्यालयले एकमुष्ठ रकम जम्मा गर्न सक्ने) निवेदन सङ्कलन गर्ने र शिक्षा विकास तथा समन्वय इकाइमा २०८३ भाद्र ०७ सम्म पेस गर्ने

३. एकीकृत गर्ने प्रयोजनका लागि विद्यार्थी स्वयम्ले वा विद्यालयले राजश्व वापतको रकम एकमुष्ठ राष्ट्रिय परीक्षा बोर्डको नाममा कार्यालय कोड ३५०३१३३०१ राजश्व शीर्षक १४२२३ मा राष्ट्रिय वाणिज्य बैंक वा नेपाल बैंकमा जम्मा गरेको भौचरसहित शिक्षा विकास तथा समन्वय इकाइमा बुझाउने

४. शिक्षा विकास तथा समन्वय इकाइले विद्यालयबाट प्राप्त विद्यार्थीका निवेदनसहितको कागजात राजश्व भौचर रूजु गरी बुझिलिने र कार्यालयको नियमित दर्ता किताब भन्दा छुट्टै दर्ता किताब खडा गरी दर्ता गरी सङ्कल गर्ने

५. यसरी दर्ता हुन आएका निवेदनहरु तहाँबाट नै Online Entry गर्न मिल्ने गरी System Develop गरी तहाँ इकाइको Mail मार्फत पठाइने हुनाले सङ्कलित निवेदनहरु तहाँबाट नै Entry गर्ने/गराउने व्यवस्था गर्न हुन

६. विवरण Entry गर्ने प्रयोजनका लागि Email मा भएको SEEMIS Download गरी जिल्लागत User र Password बाट Login गर्ने र SEE Marks Entry Click गरी Compile Gradesheet मा गइ Entry गर्नु हुन साथै Entry गर्दा कुनै समस्या भएमा यस कार्यालयका प्राविधिक कर्मचारी अर्जुन खनाल ९८४९६१८६६३ वा अर्जुन दाहाल ९८४३००४३२४ मा सम्पर्क गर्नु हुन

७. Entry गर्दा शुरू वर्ष र Symbol No. Entry गरी Save गर्ने क्रमशः साल र Symbol No. Entry गरी पुनः Save गर्दै जाने (**जस्तैः year 80 Tab Symbol 0292929 Tab Tab and click save. Year 81 Tab symbol 12901229 Tab and click save)**

८. शिक्षा विकास तथा समन्वय एकइले मिति २०८३ भाद्र १५ भित्रमा प्राप्त हुन आएका निवेदनहरू Entry गरी सक्नु हुन

९. ग्रेडसिट एकीकरणका लागि परीक्षा नियन्त्रण कार्यालयमा सिधै निवेदन दिन पाउने व्यवस्थासमेत रहेको हुनाले विद्यार्थीले जुनसुकै समयमा परीक्षा नियन्त्रण कार्यालयमा आई एकीकृत गराउन सकिने छ।

१०. ग्रेडसिट एकीकरण गर्दा विद्यार्थीले प्राप्त गरेका ग्रेडसिटका फोटोकपी, जन्मदर्ता वा नागरिकताको फोटोकपी ( २ वा सो भन्दा बढी ग्रेडसिटहरुमा नाम वा जन्ममिति फरक फरक रहेको अवस्थामा रूजु गर्नका लागि), प्रवेशपत्रको फोटोकपी, सक्कल निवेदन र राजश्व भौचर संलग्न गर्नुपर्ने छ।

११ जिल्लाबाट पेस हुन आएका निवेदनअनुसार एकीकृत प्रमाणपत्र तयार गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाइने र इकाइले विद्यालयमार्फत विद्यार्थीलाई उपलब्ध गराउने व्यवस्था मिलाउने

१२. ग्रेडसिट एकीकृत गर्न विद्यार्थीहरूले भर्नुपर्ने फाराम परीक्षा नियन्त्रण कार्यालय कक्षा १० को Website www.see.gov.np मा उपलब्ध छ।

**परीक्षा नियन्त्रक**

मितिः ..............................

श्रीमान् नियन्त्रकज्यू,
राष्ट्रिय परीक्षा बोर्ड,
परीक्षा नियन्त्रण कार्यालय कक्षा १०
सानोठिमी, भक्तपुर ।

विषयः **एकीकृत ग्रेडसिट तथा प्रमाणपत्र उपलब्ध गराई पाउँ ।**

महोदय,
प्रस्तुत विषयमा मलाई एकीकृत ग्रेडसिट तथा सर्टिफिकेट आवश्यक परेको हुँदा निम्न अनुसारको विवरणका आधारमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु । मैले हालसम्म प्राप्त गरेको ग्रेडसिटहरू तथा सर्टिफिकेटहरूको सक्कलै प्रति थान ......... यसै निवेदन साथ पेश गरेको छु ।

विद्यार्थीको नामः (Name of the Student in BLOCK LETTERS)

| | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रजिष्ट्रेशन नम्बरः | | | | | | | | | | | | |

विद्यालयको नामः ......................................................................

| | | |
|---|---|---|
| नियमित परीक्षा दिएको | साल | सिम्बल नं. |
| | | |
| पहिलो ग्रेडबृद्धि परीक्षा दिएको | साल | सिम्बल नं. |
| | | |
| दोस्रो ग्रेडबृद्धि परीक्षा दिएको | साल | सिम्बल नं. |
| | | |
| तेस्रो ग्रेडबृद्धि परीक्षा दिएको | साल | सिम्बल नं. |
| | | |

निवेदकको नामः ..............................

सहीः ................

मोबाइल नं.: ......................